लेखापरीक्षण प्रतिवेदन

बबई गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बबई गाउँपालिका, दाङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/798

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ।

वििषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/798

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्री अध्यक्षज्यू,

बबई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दाङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२.गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ८ करोड २६ लाख २९ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ६६ लाख २६ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट रु.४८ लाख २१ हजार सम्परीक्षण भई नियमित गर्नुपर्ने रु. १ करोड ४ लाख ३५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ९ लाख ९१ हजार र पेश्की बेरुजु रु. ३ लाख ८० हजार समेत बाँकी बेरुजु रु. १ करोड १८ लाख ६ हजार रहेको छ। गत वर्षसम्मको रु.११ करोड ८५ लाख ३१ हजार बेरुजु बाँकि रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ३ लाख ३७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले बबई गाउँ पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बबई गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५५	४०	१,६६,२६,४३८	०	२२	४८,२०,५१५	०	५५	१८	१,१८,०५,९२३	०	१,०४,३५,२९७	९,९०,८७१	०	०	१,१४,२६,१६८	३,७९,७५५

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दाङ	११,८६,३०,२४१	0	९९,३८५	११,८५,३०,८५६	०	१,१८,०५,९२३	१३,०३,३६,७७९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिक्रियाबाट संपरीक्षणः				
१	२०८१/८२	३५	विज्ञापन वोर्ड कोष खाता कट्टीः	२१,१२१
२	२०८१/८२	५५.४	भ्युटावर निर्माण (ठे.न.१७।०७७।०७८):	१६,५२,२६९
३	२०८१/८२	४०	प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान:	१९,०४,७००
४	२०८१/८२	३०	प्रशिक्षण भत्ता भुक्तानीः	२०,४००
५	२०८१/८२	२६	न्यायिक समिति बाहिरका सदस्यलाई भत्ता भुक्तानीः	३१,०२५
६	२०८१/८२	५३	जिन्सी दाखिलाः	५,४७,०००

७	२०८१/८२	३९	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः	६,४४,०००
गत वर्ष सम्मको सम्परीक्षण				**४८,२०,५१५**
८	२०८०/८१	४१	राजश्व दाखिला	१२,०३५
९	२०८०/८१	३१.१	यातायात खर्च	३,०००
१०	२०८०/८१	१५	मोतिविन्दुको शल्यक्रिया कार्यक्रम	४४,४००
११	२०८०/८१	४२	कर्मचारी तथा पदाधिकारीको बैठक भत्ता	१,७००
१२	२०७८/७९	६०	कार्यपालिका बैठक -	७,६५०
१३	२०७८/७९	६४	अनुगमन भत्ता -	१०,२००
१५	२०७७/७८	३०	अनुगमन भत्ता	२०,४००
जम्मा				**९९,३८५**
कुल जम्मा				**४९,१९,९००**

बबई गाउँपालिका, दाङ

(८०५५६५०४३००)

बबई गाउँपालिका , दाङ

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा, २५७.४८ वर्ग किलोमिटर क्षेत्रफल तथा २७४६९ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस पालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२६ देखि २०८२।०८।२८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धीत कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. १ अर्ब ८ करोड २६ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकीकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ।पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः

सि.नं.	आय तर्फ			व्यय तर्फ		
	विवरण	रकम	रकम	विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		**४५,३८१,०९०.२२**	चालु खर्च		**२५०,१७३,५८४.८**
	क) नगद			१. पालिका तर्फ	१०३,४९१,१३६.२५	
	ख) बैंक			२. संघीय सशर्त	१४६,१८२,४४८.६०	
	संचितकोष	३३,४०२,९७८.४३		३. संघीय विशेष	०.००	
	विविध कोष	९७४,०००.००		४. प्रदेश सशर्त	५००,०००.००	
	प्रकोप ब्यवस्थापन कोष	१,१९३,२३८.००		५. प्रदेश विशेष	०.००	
	विविध खर्च खाता	३२८,०५१.०४		पुँजीगत खर्च		**११७,९१४,२४०.२**
	धरौटी खाता	७,६६३,५४८.००		१. पालिका तर्फ	९५,२६८,५५६.२०	
	आन्तरीक राजस्व खाता	०.००		२. संघीय सशर्त	५,८४९,२१४.००	
	विभाज्य कोष	१,८१९,२७४.७५				
२	राजस्व (आन्तरिक आय)		१२५,९६५,०७२.३१	३. संघीय विशेष	७,८०६,७११.००	
	क) आन्तरिक राजस्व	९,९३९,१७६.२७		४. संघीय समपुरक	०.००	
	ख) राजस्व बाँडफाँड	१०९,५४७,५२५.२९		५. प्रदेश सशर्त	४,०७८,६०५.००	
	ग) विभाज्य कोष	६,४७८,३७०.७५		६. प्रदेश विशेष	८०४,१५१.००	
३	वित्तीय हस्तान्तरण		२८५,११८,७९१.००	७. प्रदेश समपुरक	४,१०७,००३.००	
	क) वित्तीय समानीकरण अनुदान	९४,७८८,०८०		**अन्तर सरकारी अख्तियारी (संघ)**		**११८,६४२,४१५.०**
	ख) सशर्त अनुदान	१८२,५२४,०००		क) सामाजिक सुरक्षा	११२,६४२,४१५.००	
	ग) समपूरक अनुदान	०		ख) स्वास्थ्य सुधार क्षेत्र	६,०००,०००.००	
	घ) विशेष अनुदान	७,८०६,७११		——..		

				अन्तर सरकारी अख्तियारी (प्रदेश)		
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		१६,८१२,०६०.००	ऋण फिर्ता(साँवा)		
	क) वित्तीय समानीकरण अनुदान	६,९४२,०००.००		ऋणको ब्याज भुक्तानी		
	ख) सशर्त अनुदान	४,९३४,९१३.००		धरौटी फिर्ता तथा सदर स्याहा		४,७५७,३३७.०
	ग) समपूरक अनुदान	४,१३०,९९६.००		कार्यसञ्चालन कोषबाट भएको खर्च		७६२,३८६.०
	घ) विशेष अनुदान	८०४,१५१.००		विभाज्य कोष		७,४२१,६३७.५
	ङ) कोभिड विशेष			गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
५	अन्तर सरकारी			अन्य सहयोगमा सञ्चालित योजना		
	सामाजिक सुरक्षा		११२,६४२,४१५.००	अन्य खर्च भएमा		
	स्वास्थ्य सुधार क्षेत्र		६,०००,०००.००	**अनुदान फिर्ता**		
६	वित्तीय व्यवस्था प्राप्ति			**१. संघ तर्फ**		**३०,४९२,३३७.४**
	क) ऋण प्राप्ति			क) सशर्त अनुदान	३०,४९२,३३७.४०	
	ख) साँवा प्राप्ति			ख) विशेष अनुदान	०.००	
	ग) ब्याज प्राप्ति			ग) समपुरक अनुदान		
	घ) अन्य प्राप्ति			**२. प्रदेश तर्फ**		**३८०,३०१.०**
७	विभिन्न कोषतर्फको आय	१,४३६,०९९.८३	१,४३६,०९९.८३	क) सशर्त अनुदान	३५६,३०८.००	
८	जनसहभागिता (नगद)			ख) विशेष अनुदान	०.००	
९	विषयगत निकायबाट			ग) समपुरक अनुदान	२३,९९३.००	

	प्राप्त रकम					
१०	धरौंटी आय	४,११०,०३६.००	४,११०,०३६.००	**अन्तिम मौज्दात**		६६९२१३२५.४०
११	लगानीको साँवा फिर्ता			१. संचित कोषको मौज्दात	५५,८६०,०६७.५४	
१२	अन्य विविध आय			२. धरौटी	७,०१५,८४७.००	
				३. विभाज्य कोष	८७६,००८.००	
				४. कार्यसञ्चालनकोष	३,१६९,४०२.८७	
				विविध खर्च खाता	४५८,७२७.८७	
				विविध कोष खाता	९७४,०००.००	
				प्रकोप व्यवस्थापन कोष	१,७३६,६७५.००	
	जम्मा		**५९७,४६५,५६४.३६**	**जम्मा**		**५९७,४६५,५६४.३**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११२६४२४१५ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम को रु ६०००००० समेत गरी रु.११८६४२४१५ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **त्रैमासिक पुँजीगत खर्च:**

पालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने बजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा पालिकाले कुल पुँजीगत खर्चको तुलनामा प्रथम त्रैमासिकमा ८.१ प्रतिशत र दोस्रो त्रैमासिकमा ६.४ प्रतिशत, तेस्रो त्रैमासिकमा १०.१ प्रतिशत र चौथो त्रैमासिकमा ७५.५ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४२.२१ प्रतिशत खर्च गरेको छ । शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
१	पुँजीगत खर्चतर्फ	११७९१४२४०	९३१५१५५	७५५१८५३	११९२२१८७	८९१२५०४५	६८९३४४७०
२	प्रतिशत	७३	८.१	६.४	१०.१	७५.५	४२.२१

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७५.५ प्रतिशत तथा अषाण महिनामा ४२.२१ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

५ **वजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ४७ करोड १० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३२मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८१।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

विवरण	**मिति**	**कुल बजेट**	**रकम**
बजेट पेश	२०८१।३।१०	आय अनुमोदन	४७१००००००
बजेट स्वीकृत	२०८१।३।३२	व्यय अनुमान	४७१००००००
प्रमुख प्रशासनिक अधिकृतलाई अख्तियारी	२०८१।४।१	व्यय मध्ये अवण्डा	

६ **योजना प्राथमिकीकरण:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण, भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३०३ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**५लाख देखि २० लाखसम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**	
१	पालिकास्तरीय	१००	१०	८	८२	
२	वडा स्तरीय	२०३	०	५	१९८	

७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	४६२०४६४४	३६४६३०४४	७८.९२
२	पूर्वाधार विकास	८६४१३३४८	६३४३९९४१	७३.४१
३	सामाजिक विकास	११२०३९२९३	८१८४७५५३	७३.०५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६८६१०००	५७१९९१९	८३.३७
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	२१९४८१७१५	१८०६१६३६७	८२.२९
	जम्मा	**४७१००००००**	**३६८०८७८२५**	७८.१५

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ८३.३७ प्रतिशत र पूर्वाधार विकासमा ७३.४१ प्रतिशत र सामाजिक बिकासमा सबै भन्दा घटीमा ७३.०५ प्रतिशत रहेको छ ।तसर्थ पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ ।

८ **रकमान्तर:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट रु.२ करोड २२ लाख ९६ हजार मिति २०८१।१०।२४ मा रकमान्तर गरेको छ। उक्त रकम बजेटको तुलनामा ४.७ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये १३ योजनामा रु.३० लाख खर्च गरेको छैन। कार्यक्रम, बजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९ **खर्च विश्लेषण:**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ९९ लाख ३९ हजार, राजस्व बाँडफाँट र अनुदानबाट रु.४१ करोड १४ लाख ७८ हजार समेत रु ४२ करोड १४ लाख १७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २५ करोड १ लाख ७३ हजार र पुँजीगत तर्फ रु. ११ करोड ७९ लाख १४ हजार समेत रु.३६ करोड ८० लाख ८७ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७५ लाख १३ हजार खर्च भएको छ जुन आन्तरिक आयको ७५.५९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **जिन्सी व्यवस्थापन:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

११ **यन्त्र उपकरण सञ्चालन:**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक र मर्मत खर्च तथा सञ्चालन आय निम्नानुसार रहेको छ। उपकरण संचालनको आय विष्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार गरेतापनि पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन

भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

क्र.सं.	उपकरण विवरण	इन्धन लागत	जनशक्ति लागत	मर्मत लागत	कैफियत
१	ब्याक्हो लोडर	१५५९८४०	२०८०००	२०४९९९	
२	ट्र्याक्टर	३६९४४०	३३८०००	९२६७१	
३	रोलर	०	९००००	२८३०००	हाल संचालनमा नरहेको

१२ **कार्य संचालन कोष:**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो पालिकाले यो वर्ष विविध खर्च खाता, विपद कोष लगायत जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.२४९५२८९ सहित रु३९७६२४४.आय र रु.८०६९४२ खर्च गरी रु.३१६९३०२ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
विविध खर्च खाता	३२८०५१	४८०९५५	३५०३७९	४५८७२७
प्रकोप व्यवस्थापन	११९३२३८	१००००००	४५६५६३	१७३६६७५
विविध कोष खाता	९७४०००	०	०	९७४०००
जम्मा	२४९५२८९	१४८०९५५	८०६९४२	३१६९३०२

१३ **आन्तरिक नियन्त्रण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही वेहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु. ३१ लाख ६३ हजार खर्च गरेको छ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने व्यवस्था भएता पनि आन्तरिक लेखा परिक्षक पद रिक्त रहेकोले आन्तरिक लेखापरिक्षण हुन सकेको छैन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमनको औचित्य सहित प्रतिवेदन पेश गरेर मात्र भ्रमण /अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१९ लाख ४ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेता पनि भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.१८ लाख ५४ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

१४ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकामा रहेको आन्तरीक लेखापरिक्षक पद रिक्त रहेकोले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक लेखापरीक्षक पदपूर्ती गरि आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **आन्तरिक आय तुलना:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

आ.व.	संघ र प्रदेश अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आयकोतुलनात्मक प्रतिशत
२०७९।८०	२२०५९७६१८	७८७८६५६	३.५
२०८०।८१	१८३०३०४४७	११०७९८३०	६
२०८१।८२	१६९३२८१३२	९९३९१७६	५.८

१६ **राजश्व अशुली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आ.ब २०८१/०८२ को आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३ करोड ६८ लाख ७६ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.९९ लाख ३९ हजार अर्थात अनुमानको तुलनामा ७२ प्रतिशत कम आय प्राप्त गरेको छ । त्यस्तै आ.ब २०७९/०८० मा ७८ लाख ७८ हजार र २०८०/०८१ मा १ करोड १० लाख ७९ हजार आन्तरिक आय प्राप्त भएको पाईयो । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

स्रोत	आ. ब. २०७९/ ८० को प्राप्ती	आ. ब. २०८०/ ८१ को प्राप्ती	आ. ब. २०८१-८२ को अनुमान	आ. ब. २०८१-८२ को प्राप्ती
सम्पती कर	१६४,९३६	६८२,२६५	९००,०००	१,३८५,७७५
भुमिकर/ मालपोत	१,३१३,३०२	१,९८८,५९६	२,०००,०००	७६१,०२५
वहाल कर	१,०२२,११७	८७१,३३९	८००,०००	२७६,४४६
वहाल विटौरी कर	१७,३९०	२२६,१४४	१,६२२,०००	६२,८५०
व्यवसायले भुक्तानी गर्ने		५००		-
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर			४५४,०००	३,६७०
अखेटोपहारमा लाग्ने कर			१,०००,०००	-
अन्य कर	५२७,३०७	७०,६५०	२,०००,०००	-
सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय	३५०,२२५		१,०००,०००	४,०७९
पर्यटन शुल्क			५००,०००	-
अन्य बिक्रीबाट प्राप्त रकम		६,२५०		-
अन्य सेवा शुल्क तथा बिक्री		८२,६१०		४,२७२,२१९
न्यायिक दस्तुर			२०,०००	३२८,८२०
परीक्षा शुल्क			२०,०००	३३,२२१
अन्य प्रशासनिक सेवा शुल्क		३,६६३,०९१	२०,०००	१८४,८०९
पार्किङ्ग शुल्क	४४५,९५५	३०५,०७५	१,०००,०००	९३६,१५०
नक्सापास दस्तुर			६२०,०००	५००
सिफारिश दस्तुर	२,२५५,५१८	१९६,१२७	२,५००,०००	८५०
व्यक्तिगत घटना दर्ता दस्तुर	६५४,८११	३२४,८००	१,४००,०००	-
नाता प्रमाणित दस्तुर			१,०००,०००	-
अन्य दस्तुर		२,२१०	१,०००,०००	-
व्यावसाय रजिष्ट्रेशन दस्तुर			२००,०००	७५
रेडियो/ एफ.एम.सञ्चालन दस्तुर			२०,०००	४४९,०४१
अन्य क्षेत्रको आय	८७१,१५१	१२७,३१०	१,०००,०००	-
प्रशासनिक दण्ड जरिवाना र जफत			-	५२,५००
धरौटी सदरस्याहा		३०५,६६५	१,०००,०००	९०,९७२
बीमा दावी प्राप्ति			४००,०००	३८९,५५०
व्यवसाय कर	२५५,९४५.००		-	
जम्मा	७,८७८,६५६.४८	८,८५२,६३१.५१	२०,४७६,०००.००	९९,३९,१७६.२७

यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा राजश्वमा बृद्धि भएको पाईयो।पालिकाले यस वर्ष विज्ञापन कर, पार्किङ्ग शुल्क,अखेटो पहार शुल्क, नक्सापापास दस्तुर ,मनोरञ्जन दस्तुर लगायत १० शिर्षकमा राजश्व असुल हुने गरेको देखिएन। राजश्वको क्षेत्र तथा दायरा थप फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

१७ **कानुन निर्माण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ३ नियमावली, ४० कार्यविधि ४ निर्देशिका मापदण्ड गरि ५९ वटा कानून निर्माण गरी राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल १२ वटा कानूनहरु कार्यान्वियन नभएको पालिकाले जनाएको छ। तसर्थ आवश्यक्ताको आधारमा कानूनहरु निर्माण गरि निर्मित कानूनहरु कार्यान्वियन गर्दै जानुपर्दछ ।

सि.न.	**कानुन**	**संख्या**
१	ऐन	१२
२	नियमावलि	३
३	कार्यविधि	४०
४	निर्देशिका	४
जम्मा		५९

१८ **न्यायीक समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष देहाय अनुसार ११५ विवाद दर्ता भएकोमा २६ फर्स्यौट भई ८९ बाँकी रहेको छ ।

उजुरीको प्रकार	गत आ.व र यो आ.व मा थप समेत	यो आ.व मा फर्स्यौट	फर्स्यौट बाँकी	फर्स्यौट नहुनाको कारण
जग्गा सम्बन्धि	३०	११	१९	दुवै पक्ष उपस्थित नहुनु
पारिवारिक विवाद	२७	७	२०	छलफल नहुनु
लेनदेन	१३	१	१२	उपस्थित नहुनु/ मिलापत्र नहुनु
श्रम ठगी	९	०	९	तारेख गुजारेको
घरेलु हिंशा	४	२	२	उपस्थित नहुनु
बाटो कुलो साँध	२०	३	१७	छलफल नहुनु
अन्य	१२	२	१०	म्याद गुजारेको
जम्मा	११५	२६	८९	

फर्स्यौट हुन बाँकी रहेका विवादमा दुवै पक्ष उपस्थित नहुनु,म्याद तामेलि ढिला हुनु, छलफल नहुनु, कानूनी सल्लाहाकारको अभाव, मेलमिलाप केन्द्र नहुनु, सम्झौता नहुनु जस्ता कारण पालिकाले जनाएको छ ।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

१९ **खर्च वृद्धि:**

१९.१ तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा समग्रमा गत आर्थिक वर्षहरुको तुलनामा यस आर्थिक वर्षमा प्रशासनिक खर्च रकम वृद्धि भएको देखिन्छ ।पालिकाले कर्मचारी संख्यामा भएको वृद्धि,बैठहरुमा वृद्धि तथा कार्यक्रमहरुमा वृद्धि लगायतका कारणले वृद्धि भएको जानकारी दिएको छ । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

सि.नं.	खर्चशिर्षक	२०७९।८० को खर्च रु.	२०८०।८१ को खर्च रु.	२०८१।०८२	कैफीयत
१	करारका कर्मचारीको खर्च	१९१८१५००	१९३२९७९२	१९४९६७०६	
२	वैंठक भत्ता	१३६५९००	२१९४२७२	२३४२०००	
३	विविध	२२२९३४१	२८६२४०१	१८५४७२३	
४	इन्धन	३५५३४८०	५००६०६४	५००००००	
५	मसलन्द	३११०२६५	३२९०४८९	२१९७४५२	

१९.२ **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस वर्ष विविध,तथा सभा संचालन तर्फ निम्नानुसार १८ लाख ५४ हजार खर्च गरेको छ। आन्तरिक आय रु ९९ लाख ३९ हजार रहेकोमा उक्त विविध खर्च आन्तरिक आयको तुलनामा १८.६ प्रतिशत हुन आउँछ । यस्तो खर्च नियन्त्रण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

क्र.स	खर्च शिर्षक	खर्च रु
१	पालिका तर्फ विविध खर्च	१८०४७२३
२	सभा संचालन खर्च	५००००
	जम्मा रु	१८५४७२३

१९.३ **ईन्धन खर्च:** सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ । पालिकाले ईन्धनमा यस वर्ष मापदण्ड तयार नगरी ईन्धनमा रु.५० लाख खर्च गरेको छ । यस्ता खर्च नियन्त्रण गर्नु पर्दछ ।

सि.नं.	सवारी साधन	संख्या	ईन्धन लि	खर्च
१	स्करपियो	१	५०००	८०००००
२	डवल क्याप भ्यान	१	६२५०	१००००००
३	मोटरसाईकल	२४	६०६०	१००००००
४	ब्याकु लोडर	१	९७५०	१५६००००
५	ट्र्याक्टर	१	२३०९	४३०१००
६	अन्य	१	१३२५	२१००००
जम्मा		३३	३०९८१	५००००००

२० **पदाधिकारी सुविधा:**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले यस वर्ष १ जना कानूनी सहजकर्ता

नियुक्त गरी मासिक रु.२६०८२ का दरले चाडपर्व खर्च र पोशाक समेत रु.३४९०६६ पारिश्रमिक भुक्तानी दिएको पाईयो । ऐनको ब्यवस्था विपरीत कानुनी सहजकर्ता नियुक्त गरि खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	३,४९,०६६

२१ **कर्मचारी व्यवस्था:**

२१.१ **तलवी प्रतिवेदन:** लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फका २२ जना को रु.१करोड५६ लाख४९ हजार र पालिका तर्फ २५ कर्मचारीको रु. १ करोड ६८ लाख ८९ हजार गरि ३ करोड २५ लाख ३८ हजार तलब खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी भए नभएको यकिन हुन सकेन तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१.२ **कर्मचारी करार:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.१ करोड ९४ लाख खर्च लेखेको छ ।

२१.३ **पालिका करार:** स्थानीय तहले माथि उल्लेखित पद बाहेकको पदमा स्वीकृत दरबन्दी बेगर ल्याव असिस्टेण्ट-२,कम्प्युटर अपरेटर पदमा १ जना, पब्लिक हेल्थ नर्स -१,अमिन-१,करार नियुक्ति गरी वर्षभरीमा रु. २० लाख ६७ हजार भुक्तानी गरेको छ । दरबन्दी वाहेकको पदमा कर्मचारी राखी तलव भत्ता खर्च लेख्ने मिल्ने कानूनी आधार नदेखिएकोले अनियमित देखिएको रु.

अनियमित भएको	२०,६७,०००

२१.४ **दरबन्दी भन्दा बढि काज कर्मचारी:** स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८(ख) मा कसैले पनि कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तिलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाईने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्विकृत भएको दरबन्दी पूर्ती हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरबन्दी कायम भएका सम्वन्धित सेवा समूहका कर्मचारी मध्येबाट निज बहाल रहेको पदसँग मिल्दोजुल्दो तहको कर्मचारीलाई काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवाको लागि स्विकृत दरबन्द अनुसारको जनशक्तीको पदपुर्ती रहेको अवस्थामा समेत सि.अ.न.मी. ७ र अहेव १ गरी ८ जना बढि कार्यरत रहेको विवरण पालिकाले उपलव्ध गराएको छ ।यसरी ऐन नियममा व्यवस्था भएको भन्दा बढि एवं स्विकृत दरबन्दी भन्दा बढी कर्मचारीलाई काजमा राखि बार्षिक रु.५१६२८४०।- खर्च गरेको अनियमित देखिएको रु.

अनियमित भएको	५१,६२,८४०

२२ **आर्थीक सहयोग/सहायता:**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५ संघसंस्था र ६ व्यक्तिहरुको लागि रु.१६०००० आर्थिक सहायता/सहयोग वितरण गरेको छ। जुन आन्तरिक आयको तुलनामा १.१ प्रतिशत हुन आउँछ भने वितरीत सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सि.न	आर्थिक सहायता/ सहयोग प्राप्त गर्ने व्यक्ति/ संस्था	रकम	कैफियत
१	अपाङ्ग सेवा सङ्घ	५०००	
२	बिपि बिचार राष्ट्रिय समाज	५०००	
३	अ.ने.रा स्व.वि.यू.छैठौ	५०००	
४	अ.ने.रा स्व.वि.यू.	५०००	
५	गाउँपालिका राष्ट्रिय महासंघ	३००००	
६	६ जना व्यक्ति	११००००	
	जम्मा	१६००००	

२३ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२४ **लक्ष्य प्रगतीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/ योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति				
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति	७५ भन्दा माथि
कार्यक्रम संख्या	३०३	४०	२	३	१०	२४८

शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा लागत अनुमान यथार्थपरक नहुनु,योजना छनोट आवश्यक्ताका आधारमा नहुनु, समयमा खरिद योजना तयार नहुनु, पुर्व तयारि विना आयोजना कार्यान्वयनमा लैजानु ,निर्माण व्यावसायीबाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण देखाईए तापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२५ **विभिन्न तालिम सञ्चालनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा पालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर , आम्दानी र रोजगार बढने योजनामा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न समयमा विभिन्न किसिमका तालिमहरु सञ्चालन गरेकोमा तालिम पश्चात जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासमा तथा अभिवृद्धिमा तालिमले के प्रभाव पार्यो त्यसको समग्र प्रभावको अध्ययन विश्लेषण गरेर तथा आन्तरीक श्रोतलाई मध्यनजर गरी खर्चहरु कम गर्दै लैजानु पर्दछ।

गो भौ नं र मिति	विवरण	रकम	कैफियत
३४३-२०८२।०२।२९	जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता विकास तालिम	३९५५००	३दिन
३५६-२०८२।०३।०९	जनप्रतिनिधि न्यायिक समितिहरुमा मेलमिलापकर्ता सम्बन्धि पुनर्ताजकि तालिम	२३३३१०	४दिन
३४३-२०८२।०२।२९	न्यायिक समिति तथा मेलमिलाप कर्तालाई लेखपढी सम्बन्धी तालिम	९३३१०	२ दिन

२६ **न्यायिक समिति बाहिरका सदस्यलाई भत्ता भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२७ **अन्य निकाय खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ ।सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले

सम्वन्धित मन्त्रालयको वा निकायको सचिवलाई खर्च गर्न अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो आन्तरिक स्रोत कम भएको अवस्थामा समेत रु.८६५७२२ अन्य संघीय तथा व्यापारिक संस्थाको खर्च व्यहोरेको देखिएकोले उक्त रकम अनियमित देखिएको रु

गो.भौ	निकाय	खर्च रकम रु	कैफियत
४८६।०८२।३।२४	ईलाका प्रहरी कार्यालय हापुरे	६४३२०५	
३७१।०८२।२३।२५	उद्योग बाणिज्य संघ	२३१५१७	
	जम्मा	**८६५७२२**	

अनियमित भएको	८,६५,७२२

२८ **गत विगतको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले कानून बमोजिम दिन नमिल्ने न्यायीक समितिको बैठक भत्ता तथा खाजा खर्च जस्तो नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व राखी रु. १०४७६३ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिनुपर्नेमा उक्त कानून बमोजिम नमिल्ने चालु खर्चमा भुक्तानी बाँकी राखि यस बर्ष भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	१,०४,७६३

२९ **बढी इन्धन खर्चः**

गाउँपालिका भित्रका वडाहरुमा माटो कटिङ तथा सरसफाईको लागि पालिकामा रहेको ब्याकहो लोडर तथा टयाक्टर प्रयोग गरे वापत इन्धन खर्च लेखेको छ ।स्वीकृत नर्म्स अनुसार पालिकाले १ घन्टा मेशिन प्रयोग गरे वापत ८ लिटर इन्धन खर्च हुने र ६० घनमिटर माटो कटिङ्ग गर्न १ घन्टा लाग्ने नर्म्स तयार गरेको छ ।पालिकाले तयार गरेको नर्म्स अनुसार मेशिन प्रयोग गरे बापत ईन्धन खर्च लेख्नुपर्नेमा देहायबमोजिम नर्म्स भन्दा बढि इन्धन खर्च लेखेको छ । अत: पालिकाले तयार गरेको नम्स विपरित ईन्धन भुक्तानी दिएको अनियमित भएको रु.

गो भौ न	माटो कटीङ्ग	घनमिटर	नम्स अनुसारको भुक्तानी	खर्च लेखेको	बढी खर्च
५२४।३।२५	वडा न १देखि ७ सम्मका विभिन्न स्थान	१८८५१	३९९६४०	७५१६१९	३५१९७९
२०१।११।२७	वडा न १देखि ७ सम्मका विभिन्न स्थान	४१२६१	८७४७३३	१२४८३८१	३७३६४७
				जम्मा	**७२५६२६**

अनियमित भएको	७,२५,६२६

३० **प्रशिक्षण भत्ता भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **प्रोत्साहन भत्ताः**

बबई गाउँपालिकाको कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यविधि, २०८१ को (९) मा गाउँपालिका अन्तर्गत कार्यरत सवै कर्मचारीहरुको लागि विद्युतिय हाजिरी व्यवस्था गरी अतिरिक्त समय कार्यसम्पदानको गरेको मुल्यांकनको आधारमा प्रत्येक कर्मचारीलाई शुरु तलब स्केलको बढीमा

७० देखि ९० प्रतिशतसम्म अतिरिक्त समय कार्य गरेको प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराइने उल्लेख छ ।त्यसै गरी १२ नं. मा प्रत्येक महिना कर्मचारीले अतिरिक्त समय कार्यको गणना गर्दा विद्युतिय हाजिरीको अभिलेख उतार गरी सोहि आधारमा गणना गरीने विद्युतिय हाजिरीको अभिलेख प्रमुख प्रशासकीय प्रमुखबाट प्रमाणीत गराउनु पर्ने उल्लेख छ ।गाउँपालिकाका निम्न कर्मचारीहरुले अतिरिक्त समय काम गरेको भनि २०८१ साल फागुन देखि २०८२ साल असार सम्मको विद्युतिय हाजिरी तथा कार्यसम्पादन गरेको अभिलेख बेगर रु ६५२७८३। प्रोत्साहन भत्ता खर्च लेखेकोले अतिरिक्त समय काम गरेको विद्युतिय हाजिरी तथा कार्य सम्पादनको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

कर्मचारीको नाम	फागुन	चैत्र	बैशाख	जेष्ठ	असार	जम्मा
चेतनारायण कडेल	३०५८२	२६२१३	३९३२०	३९३२०	३९३२०	१७४७५६
राजेश देवकोटा	२६२१३	२६२१३	२६२१३		३२०९५	११०७३४
गणेश वली					२२९२५	२२९२५
पुरुषोत्तम अधिकारी	२६२१३	२६२१३	२१८४४	३४९५१	३०५८२	१३९८०४
तेजेन्द्र बहादुर घर्ति	२०८३८	२०८३८	२६२१३	२६२१३	३०५८२	१२४६८४
अरुण कुमार के सी			१७३६५		२०८३८	३८२०३
सुजन बाबु के सी				२०८३८	२०८३८	४१६७६
					जम्मा	६५२७८३

प्रमाण पेश नगरेको	६,५२,७८२

३२ **आय ठेक्का व्यवस्थापनः**

३२.१ लुम्बिनी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा प्रदेश भित्र अनूसुची ६ बमोजिम ढुङगा, गिट्टि, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्पर्धाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानीय र प्रदेश तह बिच बाँडफाँट गर्नुपर्ने ब्यबस्था छ। मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार स्थानीय तहले मु. अ. कर लाग्ने वस्तुको बिक्रि गर्दा मु.अ. कर असुल गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ११ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन २०८१ बमोजिम बार्षिक उत्खनन् गर्ने अधिक्तम परिमाण ४२६९९(घन फिट) को रु.१२०१९४७३ निर्धारण गरेको छ । पालिकाले ९ वटा घाटको लागि ठेक्का आह्वान गरेकोमा जम्मा ४ घाटकोमात्र ठेक्का सकार भई कुल रु.६२६२९५१ आय प्राप्त भएकोमा सोको १३ प्रतिशत भ्याट बापतको रकम रु.७२०५१६ संघीय संचित कोषमा ,४० प्रतिशतले हुन आउने रकम रु.२२१६९७४ र सोको ६० प्रतिशतले हुन आउने रकम रु३३२५४६१ पालिकाको संचित कोषमा बाँडफाँट गरेको पाईयो ।

३२.२ **मापदण्ड पालनाः** ढुंगा गिट्टी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को अनुसुची १,२,३,४ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, उत्खनन् कर्ताले दैनिक उत्खनन् अभिलेख राख्नुपर्ने,दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र चेकलिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख भएकोमा देहाय बमोजिम पाईयो।

• कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• नदीजन्य पदार्थ उत्खननका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• दैनिक खरिद विक्री तथा उत्खनन् अभिलेख समेत राखेको पाईएन ।

• पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सो ठेलिको अर्धकट्टि हालसम्म पनि फिर्ता नगरेको तथा अभिलेख समेत नराखेको ।

• रसिदको प्रयोग तथा ठेली मौज्दात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खनन् तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन।

• चेकलिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन ।

तसर्थ पालिकाले यस सम्बन्धमा नदी जन्य पदार्थ उत्खनन् तथा विक्री सम्बन्धि कानूनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खनन्, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

३३ वितरणमुखी खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वियन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ ।विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याङ्कन, विपरित सामानको दिगो उपयोग तथा दिगो आय आर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन:-

विवरण	**रकम**	**कैफियत**
जेष्ठ नागरिक भ्रमण कार्यक्रम	१६१५५०	तनहुँको देवघाट र लुम्बिनी भ्रमण ५० जना जेष्ठ नागरिक
थारु कला संस्कृति संरक्षण सामग्री खरिद	१०००००	वडा नं ७ मा मा थारु संस्कृतिसंग सम्बन्धित सामग्री वितरण
जेष्ठ नागरिक सम्मान कार्यक्रम	१०००००	छाता झुल ९३ जनालाई वितरण
थारु कला संस्कृति संरक्षण सामग्री खरिद	१०००००	वडा नं ६ मा मा थारु संस्कृतिसंग सम्बन्धित मादल मजुरा लेहेङ्गा वितरण
उपाध्यक्षसँग बुहारी कार्यक्रम	१३१६००	
गौरीशंकर शिवालय मन्दिर दैनिक पुजापाठ	७००००	
खेलकुद कार्यक्रम	३८६१५६	

३४ समानीकरण तथा राजश्व बाडँफाटबाट शिक्षकको तलवः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता संघीय सशर्त अनुदानबाट उपलव्ध गराउने व्यवस्था छ ।साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमती प्राप्त लिइ संचालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेको एंव विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ ।तर पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एंव विद्यालयले गत विगत देखि नै आन्तरिक श्रोतबाट राखेका शिक्षकको शिक्षक विद्यार्थी अनुपात तथा दरबन्दी मिलान नगरी २० विद्यालयमा विभिन्न तहका ३५ जना शिक्षक नियुक्त गरी रु ९७१७५००।खर्च लेखेको छ। शिक्षकको संघीय शसर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा गाउँपालिकाको राजश्व बाँडफाँट तथा आन्तरिक श्रोत रकमबाट स्वयम सेवक शिक्षक नियुक्त गरी तलब भत्ता खर्च लेख्ने कार्यमा न्युनीकरण गर्दै खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३५ विज्ञापन वोर्ड कोष खाता कट्टीः

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **२१,१२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३६ शिक्षक विद्यार्थि अनुपातः

३६.१

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात दरबन्दी हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ। यसमा सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्।

३६.२ पालिका अन्तर्गतका ३४ वटा सामुदायिक विद्यायलमा शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा प्रा.वि. तर्फ सबैभन्दा बढी अनुपात जनकल्याण अ.वि. र प्रगतिशिल प्राविमा १:२१ अर्थात शिक्षक संख्या क्रमश: ६ र विद्यार्थी संख्या १२६ र शिक्षक संख्या ४ र विद्यार्थी संख्या ८५ छ । सबैभन्दा कम अनुपात जनविकास प्रा.विमा १:३ अर्थात शिक्षक संख्या २ र विद्यार्थी संख्या ६ रहेको छ। नि.मा. वि. तर्फ सबैभन्दा बढी अनुपात जनकल्याण मा.वि. मा १:७७ अर्थात शिक्षक संख्या ३ र विद्यार्थी संख्या २३२ रहेको छ। सबैभन्दा कम अनुपात जनता आ.वि.जिलामा १:११ अर्थात शिक्षक संख्या ३ र विद्यार्थी संख्या ३३ रहेको छ र मा. वि. तर्फ सबैभन्दा बढी अनुपात जनकल्याण मा.वि.मा १:३६अर्थात शिक्षक संख्या ६ र विद्यार्थी संख्या २१३ रहेको छ र सबैभन्दा कम अनुपात देउती मा.वि. मा १:६ अर्थात शिक्षक संख्या ४ र विद्यार्थी संख्या २३ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

३६.३ पालिका अन्तर्गतका १५ विद्यालयमा निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट तोकिएको अनुपात भन्दा बढी हुने गरी १५ विद्यालयमा थप १७ शिक्षक नियुक्ति गरी रु ४७४५००० थप तलब भत्ता भुक्तानी भएको छ।अत: अनुपात मिल्ने गरि शिक्षक नियुक्ति गर्नुपर्दछ।

क्र सं	विद्यालयको तह	विद्यालय	कुल विद्यार्थी संख्या	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात	वढी शिक्षक संख्या	वढी शिक्षकको तलब
प्रा. वि . तर्फ							
	१	सरस्वती मा.वि. चरकमटिया	४६	६ मध्ये १ गापा	८	१ गापा	२६००००
	२	सरस्वती जनता मा.वि. गंगटे	११६	६ मध्ये १ गापा	१९	१ गापा	२६००००
	३	जनता मा.वि. बबरपुर	८०	८ मध्ये २ गापा	१०	२ गापा	५२००००
	४	ने.रा.प्रा. वि . सितापुर	३१	४ मध्ये १ गापा	८	१ गापा	२६००००
	५	लक्ष्मी प्रा.वि. कप्तान	४५	३ मध्ये १ गापा	१५	१ गापा	२६००००
	६	सिद्धिगणेश प्रा.वि.सुन्दरखाल	५२	४ मध्ये १ गापा	१३	१ गापा	२६००००
	७	जनश्रम प्रा. वि . देलीचौर	४३	४ मध्ये १ गापा	११	१ गापा	२६००००
	८	लोककल्याणकारी प्रा. वि . अम्रैखुटी	५७	३ मध्ये १ गापा	१९	१गापा	२६००००
	९	सिर्जनशिल प्रा. वि . क्यूरेनी	२०	२ मध्ये १ गापा	२०	१गापा	२६००००
	१०	जनविकास प्रा. वि . घट्टेखोला	६	२ मध्ये १ गापा	३	१गापा	२६००००
	११	सरस्वती प्रा. वि . जलजला	२०	२ मध्ये १ गापा		१गापा	२६००००
		जम्मा					३१२००००
निमावि तर्फ							
	१	देउती मा वि तल्लोमलई	४९	३ मध्ये १ गापा	१६	१गापा	३२५०००
	२	जनता आवि जिला	३३	३ मध्ये २ गापा	११	२गापा	६५००००
	३	शुधाशाह आवि कटकुइयाँ	३१	२ मध्ये १ गापा	१६	१गापा	३२५०००
	४	सिद्धेश्वरी आवि सिमलकुना	३५	२ मध्ये १ गापा		१गापा	३२५०००
जम्मा							१६२५०००
कुल जम्मा							४७४५०००

३७ **दिवा खाजाः**

३७.१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । यस पालिकाले कक्षा वालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थि दिनको रु. १५ का दरले दिवा

खाजा वापत औषत १५२ दिनको २३१० विद्यार्थीको लागि रु.५२ लाख ८० हजार ३४२ अनुदान विद्यालयहरुलाई उपलब्ध गराएको छ।पालिकाले खाजाको मेनु उपलब्ध गराएको छैन ।खाजाको गुणस्तरको बारेमा अनुगमन समेत गरेको पाइएन।

३७.२ प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र थप निकासा दिनु पर्नेमा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।अत: थप निकासा दिँदा उक्त समय भन्दा अगाडि निकासा भएको रकमको सदुपयोगको सुनिश्चित गरेर मात्र निकासा दिनु पर्दछ।

३८ **निशुल्क पाठय पुस्तकः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियकलाप नं. २.४.६.२ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने र विद्यालयले अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी समयमा विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाले संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष ऐच्छिक विषयको पाठ्यपुस्तक समेत ३० वटा विद्यालयमा जम्मा रु. २९२४४३१।– को पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन् :

• विद्यालयले प्राप्त अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई समयमा वितरण गरे नगरेको सम्बन्धमा पालिकाले संयन्त्र बनाई अनुगमन गरेको पाइएन। अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

• पालिकाले आर्थिक वर्ष भित्र विभिन्न चरणमा कक्षा १ देखि १२ मा निशुल्क पाठ्यपुस्तकका लागि निकासा दिएको विद्यार्थी संख्या र अनुदानको एकीकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने कार्य गरेको छैन।

३९ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२५** को निर्णयले रू **६४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४० **प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,९०४,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४१ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष २५० थानको रु.२ लाख २३ हजार र यस वर्ष २५० थान को रु २ लाख २३ हजारमा खरिद गरेकोमा गत वर्ष १४५ जना र यस वर्ष १२२ जना गरी २६७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा २२३ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।

तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४२ **सेनिटरी प्याडः**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि भुषाल ट्रेड एण्ड सप्लायर्सबाट Pure ultra clear unscented२४० mm १ pkt ८ प्याड प्रति प्याकेट रु. २७.०७ मा ३०५४० प्याकेट रु.८२६८६४ मा खरिद गरेको छ। खरिद गरिएका प्याडहरु एकै पटक १३ विद्यालयमा ३०००० प्याकेट हस्तान्तरण गरी बुझाएको छ भने विद्यालयले जिन्सी खातामा अभिलेख राखेको छैन। प्याडहरु विद्यालयमा एकैपटक धेरै प्याकेट हस्तान्तरण गर्दा विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरमा ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनिटरी प्याडको वितरण अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ ।

४३ **औषधी खरिदः**

४३.१ सार्वजनिक खरिद नियमावली, २०६४ मा ५० लाख सम्मको औषधिजन्य मालसामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । यस वर्ष पालिकाले रु. २०४७३७३ औषधि खरिद गरेको छ। नयन मेडिको फर्माबाट ७८ प्रकारका औषधि रु. ८२७१७३ मा शिल कोटेशनबाट र बाँकी रु.१२२०२०० मध्ये नयन मेडिको फर्माबाट नै ३० प्रकारका औषधि रु.९८४००० मा तथा गुडविल मेडिसिन एण्ड सर्जिकल सप्लायर्सबाट २ प्रकारका औषधि रु. २३६२००को ठेक्काकै दरमा खरिद भएको छ।

४३.२ आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वा ७५ प्रतिशत बाँकी हुनु पर्दछ। माथि उल्लेखित SQ मार्फत नयन मेडिको फर्माबाट खरिद गरिएका ७८ प्रकारका औषधिको स्टोर दाखिला मिति २०८१।८।१२ अर्थात २०२४ नोभेम्बर २७ को हिसावले १८ महिनाको समयावधि २०२६ मे २७ हुन्छ उक्त अवधि भन्दा कम अवधि भएका १६ प्रकारका औषधिहरु पालिकाले स्वीकार गरेको छ। अतः स्पेशिफिकेसनमा तोकिए अनुसार पूर्ण अवधि भएका औषधि मात्र खरिद गर्नुपर्दछ ।स्पेशिफिकेसनले तोकिए भन्दा कम म्याद भएका औषधिहरुका केही उदाहरणहरु निम्न छन :-

क्र.सं.	औषधिको नाम	ब्याच नं.	म्याद सकिने मिति	खरिद परिमाण
१	Diclofenac Sodium ५०mg	Ot- ३५०	अप्रिल२०२६	१०००० Tab
२	Ranitidine१५० mg	Aft२४००६	जनवरी २०२६	४०००० Tab
३	Amlodipine १० mg	AMT१४१४६	जनवरी २०२६	४०००Tab
४	AluminiumHydroxide २५०mg	ULT-१६२०	जनवरी-२०२६	२०००० Tab
५	Amoxycillin १२५mg	PM६-६६१०	मार्च २०२६	५००Bottle

४४ **कृषी अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट बिभिन्न कार्यक्रमका लागि २८३८ जनालाई लागि रु ३०९५९५८ खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकिकरण गर्नु गराउनु पर्दछ । साथै अनुदान उपयोग र प्राप्त प्रतिफलको बारेमा अनुगमन गरी अनुदानको प्रोफाइल तयार गर्नुपर्दछ।

क्र.स.	अनुदानको विवरण	अनुदानको प्रकार	अनुदानग्राहीको संख्या	अनुदान रकम रु
१	गहूँको बीउ वितरण	५० प्रतिशत अनुपात	१२५	१८४९००
२	विषादीवितरण	५० प्रतिशत अनुपात	१२००	३८५०७५
३	च्याउकोबीउ वितरण	५० प्रतिशत अनुपात	३५०	९७५००
४	तरकारीकोबीउ वितरण	५० प्रतिशत अनुपात	६५०	६२४००
५	प्लाष्टिकटनेल वितरण	५० प्रतिशत अनुपात	७७	१९८४६६
६	फलफूलकाविरुवा वितरण	५० प्रतिशत अनुपात	१७५	१२७०४७
७	तरकारीकोमिनिकिट वितरण	५० प्रतिशत अनुपात	१८९	४९८९६
८	मौरीपालन सामाग्री वितरण	५० प्रतिशत अनुपात	१३	१४७२५०
९	मिनिटिलर/ पावरटिलरवितरण	५० प्रतिशत अनुपात	५९	१८४३४२४
जम्मा			**२८३८**	**३०९५९५८**

४५ **खोप खेर जाने दर अधिकः**

राष्ट्रिय खोप निर्देशिका (संशोधन), २०७९ को राष्ट्रिय खोप कार्यक्रमको शुक्ष्म योजना पुस्तिकामा खोपको खेर जाने दरको अधिकतम सिमा बि. सि. जी.मा ५० प्रतिशत, रोटामा ५ प्रतिशत,पोलियो(bopv) मा १५ प्रतिशत, fipv मा १० प्रतिशत, pcv मा ५ प्रतिशत, penta/DPT मा १५ प्रतिशत, दादुरा (MR) मा ४० प्रतिशत, Typhoid मा १० प्रतिशत, जापानिज इन्सेफलाइटिस(JE) मा ४० प्रर्तिशत र Td मा १५ प्रतिशत हुनुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त खोपको विवरण र खेर जाने दर निम्न अनुसार भएको पाइयो।

विवरण	BCG	Penta/DPT	ROTA	OPV	FIPV	PCV	MR	TD	JE	TCV/Typhoid
प्राप्त खोप संख्या (डोजमा)	२२४०	१८२०	१००६	१८००	१३३५	१६०८	१६४०	१०२०	७६५	८१५
खोप दिन खोलेको संख्या	१९८०	१६००	८४३	१६००	११२०	१४३२	१४६०	९४०	६४५	६९०
खोप लगाएको बच्चाको संख्या	३५०	१२४२	८३५	१२४२	८४१	१२६९	९३२	५९९	४७०	४९८
खेर गएको खोप संख्या	१६३०	३५८	८	३५८	२७९	१६३	५२८	३४१	१७५	१९२
फिर्ता संख्या	२६०	२२०	१६१	२००	२१५	१७६	१८०	८०	१२०	१२५
खेर गएको दर (प्रतिशतमा)	८२	२२	१	२२	२५	११	३६	३६	२७	२८

माथिको तलिका अनुसार BCG को खेर जाने दर ५० प्रतिशत हुनु पर्नेमा ८२ प्रतिशत, Bopv मा १५ प्रतिशत हुनु पर्नेमा २२ प्रतिशत, Fipv मा १० प्रतिशत हुनुपर्नेमा २५ प्रतिशत, pcv मा ५ प्रतिशत हुनुपर्नेमा ११ प्रतिशत , penta मा १५ प्रतिशत हुनु पर्नेमा २२ प्रतिशत, Typhoid मा १० प्रतिशत हुनु पर्नेमा २८ प्रतिशत, र Td मा १५ प्रतिशत हुनु पर्नेमा ३६ प्रतिशत खोप खेर गएको पाइयो। यसरी १०

खोपको खेरजाने दर विश्लेशण गर्दा Rota,JE र MR मा मात्र तोकिएको मापदण्ड भित्र रहेको र अन्य ७ खोप तोकिएको मापदण्ड भन्दा बढी दरमा खेर जाने देखिएकोले आगामी दिनमा खोपको खेर जाने दर कम गर्दै तोकिएको मापदण्ड अनुसार सिमा भित्र राख्ने प्रयास गर्नु पर्दछ।

४६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ७ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत ९३ दिनले जम्मा ६९५८ दिन रोजगारी उपलब्ध गराई रु. ४६४८६७० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

वडा	कार्यक्रम/ योजना संचालन	ज्याला खर्च रकम	तलबमा खर्च भएको रकम	कुल खर्च रकम
७	११	४६४८६७०	१०१९४३४	५६६८०८१

४७ **कार्याक्रमको कार्यान्वयनः**

पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको उद्देश्य, रणनिति तथा कार्यनिति, उक्त कार्यक्रमको औचित्य, प्रभाव र कार्यान्वयन गर्न सक्ने क्षमताको आधारमा गर्नुपर्दछ । पालिकाले स्वीकृत वार्षिक कार्यक्रमहरू तोकिएको समयमा कार्यान्वयन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको विवरण बमोजिम बजेटमा उल्लेख भएका ३९ कार्यक्रमहरुमा रु १ करोड ५० लाख बिनियोजन भएता पनि उक्त कार्यक्रमहरु कार्यान्वयन भएको पाईएन ।कार्यक्रम कार्यान्वयन नहुनुमा समयमा बजेट निकासा नभएको कारण पालिकाले जनाएको छ ।स्वीकृत कार्यक्रमहरु बजेटको परिधि भित्र रही समयमै कार्यान्वयन गर्नुपर्दछ। कार्यान्वयन नभएका कार्यक्रमका केही उदाहरणहरु निम्न छन्:-

क्र.सं.	कार्यन्वयन नभएका कार्यक्रम	वजेट	कैफियत
१	मा.वि हम्सपुर फर्निचर निर्माण	४०००००	
२	कसाने डाँडाँ गाउँ सडक मर्मत	१०००००	
३	कुईरेखोला ढोङ्गाटे सडक	१०००००	
४	सुन्दरखाल पश्चिम कोट बाटो मर्मत	१०००००	
५	कृष्णपुर मेस जालि	१५००००	
६	रातामाटा भुपेन्द्र खत्रिको बारि देखि मनकामि सम्म नहर	१५००००	
७	कोरबाङ्गे टोलमा सिमकुलो आर सि सि	१५००००	
८	पदमपुर मन्दिरको भौतिक सुधार१	१०००००	
९	तरकारी खेति गर्ने कृषकलाई टनेल अनुदान	२०००००	
	जम्मा	४००००००	

४८ **पुँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रु.११ करोड ७९ लाख १४ हजार खर्च गरेकोमा रु.२९४६४९७१ अर्थात २४ प्रतिशत मात्र बोलपत्रबाट खरिद

गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.३०८०६७८४,सोझै रु.११०००००० र उपभोक्ता समितिबाट रु ४६६५२४८५को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

क्र.सं.	खरिद विधि	संख्या	खर्च रकम
१	खुला बोलपत्र	२०	२९४६४९७१
२	सिलबन्दी दरभाउपत्र	१५	३०८०६७८४
३	सोझै		११००००००
४	उपभोक्तासमिति वा लाभग्राही समुदाय	२३८	४६६५२४८५
जम्मा			११७९१४२४०

४९ **कोल्ड स्टोर निर्माण (ठे.नं.१३।०७९।८०):**

४९.१ पालिकाले कोल्ड स्टोर निर्माणको लागि निर्माण व्यवसायी विष्णु विल्डर्स प्रा. लि. सँग रु २४४९३४०३।को सम्झौता भएको ३० महिनामा सम्पन्न गर्ने गरी मिति २०८०।१।१७ मा सम्झौता भएको छ । सम्झौता अनुसार निर्माण काम गरी गतवर्ष रु १०९५६८४७।र यो वर्ष रु ७४२३८५१ समेत रु १८३८०६९८।खर्च गरेको छ ।कोल्ड स्टोरको स्ट्रक्चरको काम तथा फरक प्यानल जडान गरी सकेको छ भने ट्रान्सफरमर सेट, कन्ट्रोल प्यान, डिस्प्ले प्यानल, इलेक्ट्रीक, वायरीङ्ग लागयतको काम गर्न वाँकी रहेको छ । पालिकाबाट निर्माण गरिने जटिल प्रकृतीको कामको लागि प्राविधिक दृष्टीकोणले चेकजाँच गर्ने जनशक्ती नहुँदा कोल्ड स्टोरमा जडान गरीने तापक्रम मेन्टेन गर्ने उपकरणहरु फक प्यानल, एशी लगायतका उपकरण स्पेशीफिकेसन अनुसार जडान भए नभएको चेकजाँच गर्न सकेको देखिदैन। केही पालिकाले निर्माण गरेका कोल्ड स्टोरले तापक्रम मेन्टेन गर्न नसक्दा संचालन नभई खर्च मात्र भएको छ। पालिकाले निर्माण गर्न लागेको कोल्ड स्टोर भवनको विशेषज्ञ जनशक्तीबाट चेकजाँच गरेर मात्र फरफारक गर्नुपर्ने देखिन्छ भने कोल्ड स्टोर संचालनको मोडालिटी तयार नगरेकोले पालिकाबाट संचालन गरीने वा लिजमा संचालन गर्ने सो सम्वन्धमा समयमा पालिकाबाट निर्णय गर्नुपर्ने देखिन्छ ।

४९.२ कोल्ड स्टोर निर्माण व्यवसायीबाट सम्झौता अनुसार निर्माण कार्य गर्दा कुनै आइटमा थपघट गर्न प्राविधिकको पुष्टयाइ सहित सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार भेरीएसन स्वीकृत गरी थपघट गर्न सकिने व्यवस्था छ ।पालिकाले थप गर्नुपर्ने आइटम खरिद नियमावली अनुसार भेरीएसन स्वीकृत नगरी भवनको फ्लोरमा PUF SLAB विच्छयउन आवश्यक रहेको भनि कोटेशसन माग गरी सुर्यचन्द्र कन्स्ट्रक्सन सँग सम्झौता गरी २३७५ वर्गफिटमा PUF SLAB विच्छाउने काम गरी रु ९६६२८०।खर्च लेखेको छ । खरिद नियमावली विपरीत ठेक्काबाट निर्माण भइरहेको भवनमा ठेक्का अवधी समाप्त नहुदै उक्त भवनमा कोटेसन मागगरी खर्च लेखेको अनियमित देखिएको रु

अनियमित भएको	९,६६,२८०

५० **स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण :**

५०.१ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठीमीद्धारा प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ११.१.२.२९८६ मा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा स्थानीय तहले लगानीम थप गर्नुपर्ने उल्लेख छ ।चालु विनियोजित रकमबाट Two room Two storey RCC भवन शौचालय सहित निर्माणका लागि रु ५५ लाख बजेट विनियोजन गरेको छ ।प्राविधिकले तयार गरेको लागत अनुमानमा विद्यालय भवन निर्माण गर्न स्थानीय तह तथा विद्यालयले लागत साझेदारीमा गर्नुपर्ने उल्लेख छ ।पालिकालाई संघीय हस्तान्तरित कार्यक्रमबाट स्थानीय तहको साझेदारीमा ३ वटा विद्यालयको भवन निर्माणको लागि रु. १ करोड ६५ लाख अनुदान प्राप्त भएको छ । पालिकाले विद्यालयको शौचालय सहितको भवन निर्माणको लागि चाहिने थप रकम आर्थिक वर्ष २०८१।८२ मा रकम विनियोजन गरी तोकिएको ड्राइङ्ग डिजाइन अनुसार शौचालय सहित ४ कोठे भवनको लागत अनुमान तयार गरी भवन निर्माण तोकिएको समयमा निर्माण गर्नुपर्नेमा पालिकाले संघीय कार्यालयबाट प्राप्त बजेटबाट मात्र भवन निर्माणको लागत अनुमान तयार गरी निर्माण व्यवसायीसग सम्झौता गरेको छ । पालिकाले २ वटा विद्यालयको

भवन निर्माणको लागि सम्झौता गरेकोमा निर्माण व्यवसायीले सम्झौता अनुसार भवन निर्माण कार्य सम्पन्न नगरी विविध कारण जनाइ म्याद थप गरेकोमा उक्त अवधिमा भवन निर्माण नगरी अधुरो रहेको छ ।स्थानीय तहले आगामी आर्थिक वर्षमा शौचालय सहितको साझेदारीमा भवन निर्माण गर्नुपर्ने गरी पालिकाबाट समेत थप बजेट विनियोजन गरी निर्माण कार्य गर्नुपर्दछ ।निर्माणाधिन विद्यालय भवनहरु देहाय अनुसार रहेका छन :

कामको विवरण	विद्यालयको नाम	अनुदान	स्थानीय तह	भवनको अवस्था	भुक्तानी
भवन निर्माण	सरस्वती मा.वि. चरकमटीया	५५ लाख	०	अधुरो रहेको	१५८८००९
भवन निर्माण	जनकल्याण मा.वि. पदमपुर	५५ लाख	०	निर्माणाधिन	२८५२०५७।
भवन निर्माण	जनता मा. वि. बबरपुर	५५ लाख			

५०.२ संघीय सरकारबाट ३ वटा विद्यालयको भवन निर्माणको लागि अनुदान प्राप्त भए पनि पालिकाबाट समयमा निर्णय नगर्दा जनता मा. वि. बबरपुरको भवन निर्माणको लागि सम्झौता गरेको छैन भने अन्य भवन निर्माण व्यवसायीले समयमा निर्माण कार्य नगर्दा भवन निर्माणमा पालिकालाई दायित्व सरेको देखिन्छ ।जनकल्याण माध्यामिक विद्यालयको भवन निर्माणको लागि निर्माण व्यवसायी जयसम्भु कन्स्ट्रक्सन एण्ड हार्डवयर प्रा. ली. सँग रु ४०९७७४३।को मिति २०८२।३।२५ मा सम्पन्न गर्ने सम्झौता भएकोमा उक्त अवधिमा निर्माण कार्य नगरी मिति २०८२ साल असोज मसान्त सम्म म्याद थप गरेकोमा उक्त अवधिमा पनि निर्माण कार्य सम्पन्न नगरी भवनको निर्माणको ३५ प्रतिशत मात्र भौतिक प्रगती गरेकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार पुर्वनिर्धारित क्षतिपुर्ति लिने गरी म्याद थप गरी निर्माण कार्य समयमा सम्पन्न गर्नुपर्ने देखिन्छ ।

५१ **लाईन जडानः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो. भौ. नं. ६९।२०८१।११।९ बाट नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय तुलसीपुरलाई वडा न ७ तल्लो मलह लामितारामा एल. डी. लाइन जडान गर्न रु. २५०००० भुक्तानी दिएको छ ।विद्युत प्राधिकरणले वडा न ७ मा एल. डी. लाइन जडान नगरेकोले जडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,५०,०००

५२ **ग्याविन बक्स खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ।पालिकाले ३७१ थान ग्याबिन बक्स रु. २५९८.५० (without vat) को दरले खरिद गरी वितरण गरेको देखिन्छ।पालिकाले ग्याबिन बक्स खरिदमा कुनै आवश्यकताको अनुमान नगरी जनसहभागिता बेगर पालिकाबाट मात्र खरिद गर्ने र मागको आधारमा वितरण गर्ने गरेको पाईयो। जनसहभागिताको अंश छुट्याउने र वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।लेखापरीक्षणको क्रममा पालिकाबाट ३४१ थान वितरण भएको भरपाई पेश भएकोले वितरण हुन बाँकी ८८०८९ को ग्याबिन बक्स जिन्सीमा मौज्दात देखिन्छ।पालिकाले आवश्यकताका आधारमा वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	८८,०८९

५३ **जिन्सी दाखिलाः**

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१९८,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५४ **क्याम्पसलाई अनुदानः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन कार्यविधिमा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसँग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यमिक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पुरन्धारा वहुमुखी क्याम्पसको इटाको वाल निर्माण लागि रु १९४००० खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा गाउँपालिकाको कार्य क्षेत्र वाहिर गई क्याम्पसको खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	१,९४,०००

५५ **भ्युटावर निर्माण (ठे.न.१७।०७७।०७८):**

५५.१ पालिकाले भ्यु टावर निर्माणको लागि प्रजिल कन्सट्रक्सन प्रा.ली संग ३० महिनामा सम्पन्न गर्ने गरी मिति २०७८।३।८ मा रु.७४६०४८६ को सम्झौता भएकोमा अन्य व्यहोरा देहाय बमोजिम पाईयो:

५५.२ **ठेक्का म्याद समाप्तः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ को अवस्था परि सम्झौता बमोजिमको काम सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायीले म्यादथपका लागि निवेदन दिन सक्ने तथा आबश्यक्ता हेरी सम्बन्धित पदाधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम १२१ मा निर्माण ब्यावसायीको ढिलाईको कारण तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा अधिकतम १० प्रतिशत सम्म पुर्व निर्धारीत क्षतिपुर्ती लगाई कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ ।भ्यु टावर निर्माणको सम्झौता अबधिमा थप म्याद समेत २०८१।६।३० सम्म रहेकोमा हाल सम्म म्याद थप भएको छैन ।यसरि पटक पटक म्याद थप गर्ने र म्याद थप अवधिमा समेत कार्य नगर्ने निर्माण व्यवसायीलाई नियमावलीको व्यवस्था वमोजिम अधिकतम १० प्रतिशत सम्म पुर्वनिर्धारीत क्षतीपूर्ती लगाई उक्त अधुरो निर्माण कार्यको कार्य सम्मपन्न गर्नुपर्दछ ।

५५.३ **कार्य प्रगतिः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ मा सार्वजनिक निकायले कार्य योजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्नुपर्ने,गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने लगायत सम्झौता कार्यान्वयन सम्बन्धी व्यवस्था गरेको छ। ।लेखापरीक्षणको अवधि सम्म ठेक्का सम्झौता बमोजिमको म्याद समाप्त भएकोमा उक्त सम्झौताको म्याद थप समेत गरेको छैन भने उल्लेखित निर्माण कार्यको यस आ.ब. मा भुक्तानी नभएकोमा गत वर्ष सम्मको रु.४१ लाख ११ हजार भुक्तानी भई ५५.११ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। यसरी सम्झौता बमोजिम कार्य प्रगति नहुनुमा निर्माण ब्यावसायीको ढिलाईको कारण पालिकाले जनाएको छ ।तसर्थ तोकिएको समयमा कार्य नगर्ने निर्माण ब्यावसायीलाई जिम्मेबार बनाउनुपर्दछ ।

५५.४ बैंक जमानतः

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२३** को निर्णयले रू **१,६५२,२६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५६ **उपभोक्ताबाट खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले यो बर्ष १०८ विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.४ करोड ६६ लाख ५२ हजार भुक्तानी गरेकोमा निम्न पाइयो ।

• उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।

• उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा कतिपय योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको वेहोहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधि हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जान जरुरी देखिएको छ । पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, जटील संरचना समेत निमार्ण गरेको पाईयो । पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी निर्माण गर्नुपर्दछ ।

५७ **कन्टिन्जेन्सी खर्चः**

५७.१ निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सीबाट फर्निचर खरिदमा रु.४०६०००कार्यलय सञ्चालन, तथा अनुगमनमा रु.१२५०००र पत्रपत्रिकारु ८३००० समेत यस वर्ष रु.६ लाख १४ हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

विवरण	फर्निचर	प्राविधिक कर्मचारीको अनुगमन तथा भ्रमण खर्च	पत्रपत्रिका तथा छपाई	यस वर्षको जम्मा खर्च
कन्टिन्जेन्सी खर्च	४०६०००	१२५०००	८३०००	६१४०००

५७.२ महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाई, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु.६लाख १४ हजारसमेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

५७.३ कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालु खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५७.४ कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

५८ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमको म्याद नाघेको तथा ननाघेको पेश्कि बाँकी रहेको विवरण उपलब्ध गराएको छ। आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेको पेश्कि रु २ लाख ९९ हजारको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।भने सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३लाख ७९ हजार फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालुआ. व.		गत आ. व.सम्मको		
			म्याद ननाघेको	म्याद नाघेको	म्यादननाघेको		म्यादनाघेको
			रकम		रकम	फस्यौंटको अन्तिम म्याद	
१	गैरआवासीय भवन निर्माण/ खरिद	बिष्णुबिल्डर्स प्रा.लि.	०	०	०	१९/ ०८/ २०८१	१३०००००.
२	मलैविद्युत विस्तार	नेपालवित प्राधिकरण	०	८०,०००.००	०		०
३	जौवारीविद्युत विस्तार	नेपालविधुत प्राधिकरण	०	२९९७५५.	०		०
४	विभिन्नटोलहरुमा विद्युत विस्तार ३	नेपालविधुत प्राधिकरण	२९९८७५.	०	०		०
५	सुरक्षितनागरिक आवास कार्यक्रा	लाभग्राही ब्यत्ती हरु	०	०	०	२०८२/ ०३/ ३२	३८,२९०.००
६	सुरक्षितनागरिक आवास कार्यक्रम	लाभग्राही ६२ ब्यत्तीहरु हरु	०	०	०	२०८२/ ०३/ ३२	३०१९४८.
जम्मा			२९९८७५	३७९७५५	६६३४२		१६४०२३८

पेश्की	३,७९,७५५

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : बबई गाउँपालिका, दाङ , बबई गाउँपालिका , दाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	चेत नारायण कंडेल	२०८१-१-१२	२०८२-०४-२५
लेखा प्रमुख	गणेश ओली	२०८२-०३-०५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५१,४२५	१०,४३५,२९७	५,७५९,९६१	०	०	३७९,७५५
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१६,६२६,४३८
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४,८२०,५१५
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,८०५,९२३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४५३८१०९०.२२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२८५११८७९१	चालु खर्च	२५०१७३५८४.८५
प्रदेश सरकारबाट अनुदान	१६८१२०६०	पूँजीगत खर्च	११७९१४२४०.२
राजश्व बाँडफाँट	१०९५४७५२५.२९	वित्तीय/अन्य व्यवस्था	१६२४५६४१३.९
आन्तरिक आय	१६४१७५४७.०२		
अन्य आय	१२४१८८५५०.८३		
कुल आय	५५२०८४४७४.१४	कुल खर्च	५३०५४४२३८.९५
बाँकी मौज्दात		६६९२१३२५.४१	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,८३,९६,२५५.१९	०	१०,८३,९६,२५५.१९	९,७०,५४,४१८.०६	०	९,७०,५४,४१८.०६
१३०००	अनुदान		२७,१०,५८,२१२.६०	०	२७,१०,५८,२१२.६०	२८,१३,२९,९४७.४४	०	२८,१३,२९,९४७.४४
१४०००	अन्य राजस्व		१,०६,९३,२३३.३७	०	१,०६,९३,२३३.३७	९१,१९,२३१.२७	०	९१,१९,२३१.२७
१५०००	विविध प्राप्ति		३,९७,२१३.००	०	३,९७,२१३.००	१८,१३,९५१.००	०	१८,१३,९५१.००
क	कुल जम्मा प्राप्ति		३९,०५,४४,९१४.१६		३९,०५,४४,९१४.१६	३८,९३,१७,५४७.७७		३८,९३,१७,५४७.७७
३	चालु		२५,०१,७३,५८४.८५	०	२५,०१,७३,५८४.८५	२५,७७,३८,३४२.८५	०	२५,७७,३८,३४२.८५
२१०००	पारिश्रमिक / सुविधा		१५,१२,२६,३७९.४७	०	१५,१२,२६,३७९.४७	१३,४६,५२,९४३.८५	०	१३,४६,५२,९४३.८५
२२०००	मालसामान तथा सेवाको उपयोग		९,४३,७९,६३५.३८	०	९,४३,७९,६३५.३८	११,८३,३८,९९८.००	०	११,८३,३८,९९८.००
२५०००	सहायता (Subsidy)		७,१८,९९८.००	०	७,१८,९९८.००	३८,११,७६८.००	०	३८,११,७६८.००
२७०००	सामाजिक सुरक्षा		३४,८३,२२२.००	०	३४,८३,२२२.००	६,८४,३८४.००	०	६,८४,३८४.००
२८०००	अन्य खर्च		३,६५,३५०.००	०	३,६५,३५०.००	२,५०,२४९.००	०	२,५०,२४९.००
४	पुँजीगत		११,७९,१४,२४०.२०	०	११,७९,१४,२४०.२०	१२,२४,१९,२५९.००	०	१२,२४,१९,२५९.००
३१११०	भवन तथा संरचना		२,०८,४०,४९७.००	०	२,०८,४०,४९७.००	७०,७४,३८०.००	०	७०,७४,३८०.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६३,२६,६०३.००	०	६३,२६,६०३.००	६५,०९,२५९.००	०	६५,०९,२५९.००
३११३०	अन्य पूँजीगत		१,८७,२३३.००	०	१,८७,२३३.००	७,४५,१७४.००	०	७,४५,१७४.००

	खर्च							
३११४०	सुरक्षा उपकरण		१,५०,०००.००	०	१,५०,०००.००	०	०	०
३११५०	सार्वजनिक निर्माण		९,०२,७०,०६६.२०	०	९,०२,७०,०६६.२०	१०,६८,०४,७०१.००	०	१०,६८,०४,७०१.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		८९,८४१.००	०	८९,८४१.००	५,६८,२७८.००	०	५,६८,२७८.००
३११७०	पूँजीगत सुधार खर्च		५०,०००.००	०	५०,०००.००	७,१७,४६७.००	०	७,१७,४६७.००
ख)	कुल जम्मा भुक्तानी		३६,८०,८७,८२५.०५		३६,८०,८७,८२५.०५	३८,०१,५७,६०१.८५		३८,०१,५७,६०१.८५
ग)	बचत /कमी (ग = क-ख)		२,२४,५७,०८९.११		२,२४,५७,०८९.११	९१,५९,९४५.९२		९१,५९,९४५.९२
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(९,१६,८५३.९२)		(९,१६,८५३.९२)	१२,८५,६५४.७६		१२,८५,६५४.७६
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		२,१५,४०,२३५.१९		२,१५,४०,२३५.१९	१,०४,४५,६००.६८		१,०४,४५,६००.६८
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,५३,८१,०९०.२२		४,५३,८१,०९०.२२	३,४९,३५,४८९.५४		३,४९,३५,४८९.५४
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा		६,६९,२१,३२५.४१		६,६९,२१,३२५.४१	४,५३,८१,०९०.२२		४,५३,८१,०९०.२२

	बैंक मौज्दात (ज= ङ+च+छ)								

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।